# नेपाल (दोस्रो तह)

नेपाल सरकारले मानव तस्करी उन्मूलनका लागि न्यूनतम मापदण्डको पूर्ण रुपमा पुरा नगरेतापनि यस दिशामा उल्लेखनीय प्रयास भने गरिरहेको छ। गत प्रतिवेदन वर्षको तुलनामा यस वर्ष सरकारले यस क्षेत्रमा आफ्ना प्रयासहरुलाई समग्र रुपमा वृद्धि गर्दै लगेको आधारमा नेपाल दोस्रो तहमै रहन सफल भएको छ। मानव तस्करीलाई विभिन्न रुपमा सहयोग पुऱ्याउने सरकारी कर्मचारी माथि अनुसन्धान चलाउने, बालगृहहरुमा शोषणपूर्ण व्यहवार भोग्न बाध्य पारिएका तथा तस्करी पीडित बालबालिकाको पहिचान र उद्धार गर्ने, र विदेशमा मानव तस्करी पीडित नेपालीको स्वदेश फिर्ती जस्ता विषयहरुमा समेत यस प्रतिवेदन वर्षमा नेपाल सरकार प्रयासरत रह्यो। सरकारले मानव तस्करीविरुद्ध महाशाखा (‘एन्टी-टिआइपी’ महाशाखा) लाई आफ्नो दह्रो समर्थन दिनुका साथै नेपालको संसदले संयुक्त राष्ट्र संघको सन् २००० को मानव तस्करी प्रोटोकलाई मतदानद्वारा अनुमोदन समेत गऱ्यो। यद्यपि सरकारले कतिपय महत्वपूर्ण क्षेत्रमा न्यूनतम मापदण्ड पूरा गर्न सकेन। नेपाली कानूनले सबै प्रकारका बाध्यात्मक श्रम र देह व्यापारलाई अपराध भनेर धोषणा गर्न सकेको छैन। जुन अनुपातमा नेपाली पुरुषहरु पनि अन्तरदेशीय मानव बेचबिखनका शिकार बन्ने गर्दछन। समस्याको अनुपातमा पुरुष पीडितहरुको पहिचान र संरक्षण गर्ने सम्बन्धमा सरकारका पहलहरु निकै अपर्याप्त देखिएका छन्। प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानव तस्करीमा सरकारको औपचारिक संलग्नता एउटा गम्भीर समस्याको रुपमा रहँदै आएको हुनाले प्रमाणा सहित जानकारीमा आएका विभन्न अभियोगहरुमाथि एकातिर सरकारले अनुसन्धान सुरु गर्न सकेन भने अर्कोतिर प्रहरीले वयस्क मनोरञ्जन क्षेत्र (एइएस्) मा भेटिएका देहव्यापार पीडित वयस्कर र बालबालिकाहरुलाई पक्राउ गर्न छोडेन। वैदिशिक रोजगारीको सिलसिलामा ठगी वा शोषणमा परेका नेपालीलाई सरकारले प्रहरी अनुसन्धानका लागि सिफारिस गर्नुको साटो उनीहरुलाई आफ्ना मुद्दाहरु सन् २००७ को वैदेशिक रोजगारी ऐन (सन् २००७ एफइए) अन्तर्गत दायर गर्न प्रोत्साहन गऱ्यो, जसमा

रोजगारीमा जालसाजी ढंगबाट कामदार भर्ती गर्नुलाई अपराधको रुपमा परिभाषित गरिएको छ।

## प्राथमिकीकृत सुझावः

मानव तस्करीमा सरकारको मिलेमतो सम्बन्धि लाग्ने गरेका आरोपहरु माथि अनुसन्धान चलाउने र दोषीहरुलाई अपराधका लागि जिम्मेवार बनाउने। • मानव तस्करी तथा ओसारपोसार (नियन्त्रण) ऐन (एचटिटिसीए) लाई संशोधन गर्दै मानव तस्करीको परिभाषालाई सन् २००० यूएन टिआइपी प्रोटोकल अनुरूप ढाल्ने। • अग्रपंतिमा रहेर काम गर्ने सुरक्षाकर्मी टोलीलाई अन्तिम रूप दिँदै उनीहरुलाई मानव तस्करीमा परेका खासगरी पुरुष पीडितहरु र साथसाथै देहव्यापार पीडित महिलाहरुको पहिचान गर्दै उनीहरुलाई सेवा सुविधा कसरी उपलब्ध गराउने भन्ने बारे मानक कार्यविधि (एसओपी)मा तालीम प्राप्त गराउने। • मानव तस्करी अनुसन्धान कार्य चलाउनका लागि प्रहरीलगायतका कानून कार्यान्वयन निकायहरुमा मानक कार्यविधि (एसओपी) को स्थापना गर्ने र अन्तरनिकाय सिफारिसको प्रचलन स्थापित गर्ने। • मानव तस्करीमा संलग्न म्यानपावर कम्पनी र उनीहरु मातहत काम गर्ने दलालहरुका अपराधिक गतिविधिमाथि अनुसन्धान र कारबाही अघि बढाउँदै उनीहरुमाथि कानुनी अभियोग लगाउने। • विदेशमा शोषणमा परेका सबै नेपालीको पीडित सेवा केन्द्र तथा आश्रयहरुमा एवं मुलुक फिर्तीको अवसरमा उनीहरुको पहुँच विस्तार गर्ने, खासगरी पीडित पुरुषका हकमा। • वैदेशिक रोजगारी प्रक्रिया कम खर्चिलो बनाउने नीतिको कार्यान्वयन र अनुगमन पक्षलाई सहज र प्रभावकारी बनाउनका लागि वैदेशिक रोजगारी विभाग (डिएफई) मा कर्मचारी संख्या बढाउने र साथसाथै उनीहरुलाई उपलब्ध प्रशिक्षण र स्रोत साधनमा पनि वृद्धि गर्ने। • एचटिटिसीएको पीडित-साक्षी सुरक्षासम्बन्धि प्रावधानहरु कार्यान्वयन गर्ने। • बालगृह तथा अनाथालय माथिको निगरानीलाई उल्लेख्य रुपमा वृद्धि गर्नुकासाथै सरकारले तोकेका हेरचाह सम्बन्धि न्यूनतम्

मापदण्ड पूरा नगर्नेलाई जिम्मेवार बनाउने। • श्रम निरिक्षकहरुलाई अधिकारप्राप्त बनाई उनीहरुमार्फत वयस्क मनोरञ्जन क्षेत्रमा श्रम उल्लंघन भए नभएको निगरानी गर्ने। • अदालतमा आउन नसकेको अथवा अघिल्लो बयानसँग बाझिने गरि नयाँ बयान दिएको आरोपमा पीडितलाई जरिमाना गराउने प्रावधानहरु एचटिटिसीएबाट हटाउने। • नेपाली महिलामाथि लागेको वैदेशिक रोजगारीका प्रतिबन्धहरुको अन्त गर्दै र नेपाली कामदारलाई सुरक्षित राख्दै गन्तब्य मुलुक र ती मुलुकका सरकारसँग परामर्शको आधारमा अधिकार-केन्द्रित तथा लागू गर्न सहज सम्झौताहरु अनुमोदन गर्ने जसबाट विदेशमा काम गर्ने नेपालीहरु सुरक्षित बन्नेछन्। • हरुवा चरुवा समुदाय र अन्तर्राष्ट्रिय मान्यता प्राप्त शरणार्थी र आश्रय माग गर्नेहरुको अभिलेखिकरण गर्ने ताकि उनीहरुले रोजगारी गर्न, विद्यालयमा भर्ना हुन, र सामाजिक सेवा सुविधाहरुमा पहुँच पाउन सकुन।

## कारवाही

सरकारले मानव तस्करीविरुद्ध आफ्ना कानूनी कारबाहीका प्रयासहरुलाई थोरबहुत वृद्धि गरेको छ। सन् २००७ को एचटिटिसीएले केही खालका देह व्यापार र श्रम तस्करीलाई अपराध घोषणा गरेको छ। एचटिटिसीएले दासत्व र बँधुवा श्रमलाई पनि अपराध घोषणा गरेको छ, तर मानिसलाई इच्छ विपरित बाध्यात्मक श्रमका लागि भर्ना गर्ने, ओसारपोसार गर्ने, कब्जामा राख्ने र लेनदेन गर्ने जस्ता कार्यालाई अपराध घोषणा गरेको छैन। ऐनले देहव्यापारलाई अपराध घोषणा गरेको भएतापनि अन्तराष्ट्रिय कानूनसँग बाझिने गरी बल प्रयोग, जालसाजी, अथवा जबरजस्ती गरिएको देखाउन सके मात्र बाल यौन तस्करीको अपराध भनेर ठहर गर्न सकिने भन्ने भाषा राखिएकोले सबै प्रकारका बाल यौन तस्करीलाई अपराध घोषणा गरिएन। बाल यौन तस्करीको अपराधमा १० देखि २० वर्षसम्म कैद र जरिमानाको प्रावधान छ जुन सजाय कठोरताको दृष्टिकोणबाट जबरजस्ती करणीजस्ता अन्य गम्भीर अपराधमा दिइने सजायसरह छ। विशेष श्रम अदातले कार्यान्वयन गर्ने गरेको सन्

२०१७ को श्रम ऐन २०७४ ले बाध्यात्मक श्रमलाई अपराध ठहर गर्दै यस कसूर गरेबापत सजायको हकमा दुईवर्ष कैद, नेपाली रुपियाँ ५००,००० ($४,४००) जरिमाना अथवा दुवै भोग्नुपर्ने व्यवस्था गरेको छ। त्यसको साथै एकातिर सन् २००२ को कमैया (निषेध) ऐनले बँधुवा मजदूर प्रथालाई अपराध ठहर गर्दै नेपाली रुपियाँ १५,००० देखि २५,००० सम्म ($१२०-२२०) को जरिवाना तोकेको छ भने अर्को तिर बालश्रम ऐनले बाध्यात्मक बालश्रम निषेध गर्दै त्यस कसूरमा एक वर्ष कैद, नेपाली रुपियाँ ५०,००० ($४४०) को जरिवाना वा दुवै भोग्नुपर्ने बन्दोबस्त गरेको छ। यी कुनैपनि ऐन अन्तर्गत दोषीलाई पर्याप्त मात्रामा कठोर सजाय दिने  व्यवस्था छैन। सन् २००७ को एफइएले जालसाजी र जालझेल प्रयोग गरेर श्रममा भर्ति गर्नुलाई अपराध घोषणा गरेको छ। मानव तस्करीको परिभाषालाई अन्तराष्ट्रिय कानून अनुरुप ढाल्दै मानव तस्करी नियन्त्रण राष्ट्रिय ऐन (एचटिटिसिए) लाई परिमार्जित गर्ने कार्य लगातार रुपमा पाँच वर्षदेखि रोकिएको छ।

यस नेपाली आर्थिक वर्षमा एचटिटिसीए अन्तर्गत प्रहरीले संदिग्ध ५२४ जनाविरुद्ध २५८ वटा अनुसन्धान सम्पन्न गऱ्यो भने महान्याधिवक्ताले ४०७ वटा कारबाहीको थालनि गरे। त्यसैगरी जिल्ला अदालतहरुले ११० बटा मुद्दामा संलग्न २३१ जना मानव तस्करलाई दोषि ठहर गरेका थिए।  तुलनास्वरुप, अघिल्लो प्रतिवेदन वर्षमा ५४६ जना आरोपित संलग्न रहेका ३१३ वटा अनुसन्धान सुरु गरिएका थिए जसका आधारमा ३०३ नयाँ र गत वर्षदेखि चलिरहेको १९० मुद्दा कारबाही भए जसका आधारमा कुल २१३ ना मानव तस्करहरु कानुनी रुपमा दण्डित गरिए। सरकारले मानव तस्करीमा दोषि प्रमाणितहरुलाई के कति सजाय दिइयो भनेर खुलाएन। जिल्ला अदालतले १२५ मुद्दामा २४३ जनालाई रिहा गऱ्यो भने गत वर्ष उक्त संख्या ११३ थियो। सरकारी अधिकारीहरुले यौन र श्रम तस्करी छुट्टिने गरी तथ्यांक खुलाएनन् र उजुरी भएका केही घटनाहरुमद्धे यस्ता पनि परेका थिए जहाँ संदिग्धले पीडितलाई बाध्यात्मक विवाहजस्ता मानव तस्करी बाहेकका अपराधमा शोषण गरेका थिए, जसमा बध्यातमक श्रम शोषण अथवा व्यावसायिक यौन शोषणका आशंका थिएनन्। केही

प्रहरी कार्यालय तथा सरकारी अधिवक्ताले देह व्यापरमा प्रत्यक्ष रुपमा संलग्न अथवा त्यसमा सहयोग गर्ने व्यक्तिहरुमाथि बलात्कारको सार्बजनिक कसूरका मुद्दा दायर गरेका थिए। एउटा चर्चित घटनामा एकजना गैर सरकारी संस्था (गैसस) का उच्च अधिकारीलाई आफूले चलाएको बालकल्याण संस्थाका बालबालिकामाथि यौन दुरव्यवहार गरेको र केहीलाई यौन दास समेत बनाएर राखेको अभियोगमा न्यायालयले दोषि प्रमाणित तथा दण्डित गरेको थियो। अदालतले उनलाई ९ वर्ष कैद र दुईजना पीडितलाई क्षतिपूर्ति दिनुपर्ने गरी दण्डित गरेपनि यस प्रतिवेदन अवधिको आखिरी सम्म आइपुग्दा उनले अदालतको फैसलामा पुनारावेदनको माग गरे।

सरकारले मानव तस्करीलाई सामान्य रुपमा परिभाषित गर्दै श्रम, अध्यागमन, अड्डाअदालत, प्रहरी तथा वैदेशिक रोजगारी विभागका अधिकारीलाई यस विरुद्ध एकरुप प्रशीक्षण उपलब्ध गरायो। मानव तस्करीका घटनाको पहिचान, सक्रिय अनुसन्धान विधि एवं कार्वाही प्रक्रियाका विषयमा अन्तर्राष्ट्रिय दाताहरुले प्रशिक्षण उपलब्ध गराए। यस्ता प्रशिक्षणको बाबजुद पनि तस्करी संजालबाट उद्धार गरिएका व्यक्तिहरुसँग पीडित-केन्द्रित शैलीमा अन्तर्क्रिया गर्नका लागि प्रहरीमा परिष्कृत अनुसन्धानात्मक तौरतरिका र सीपहरुको अभाव देखियो। एकातिर मानव तस्करीका मुद्दामा काम गर्नका लागि तालीमप्राप्त अनुसन्धान कर्ताहरु र अधिवक्ताको अभाव रहने र अर्कातिर यस क्षत्रमा कार्यरत कर्मचारीहरुको बारम्बार फेरबदल भइरहने हुँदा सरकारका प्रयासहरुमा बाधा पुग्न गयो। मानव तस्करीजन्य अपराधमा केन्द्रित हुनका लागि सन् २०१८ मा सिर्जना गरिएको प्रहरी एकाइ एन्टी-टिआइपी महाशाखा (मानव तस्करीविरुद्ध महशाखा) मा सरकारले ४१ जना अनुसन्धान कर्ताको नयाँ पदपूर्ती गरेको छ। यस आवेदन अवधिको अन्त्यसम्ममा सो एकाइले १७१ मध्य ७७ वाट स्थायी पदको पूर्ती गरिसकेको र साथसाथै आफ्ना काम कारबाहीको प्रकृति र दायरा परिभाषित गर्नका लागि आन्तरिक मानक कार्यविधिको खाका तयार गर्ने कार्यमा लागेको थियो। यस विभागले दुईवाटा प्रान्तीय कार्यालयहरु समेत खोलेको छ। विगतमा

केन्द्रीय अनुसन्धान विभागले सम्हाल्ने गरेको अन्तर-देशीय मानव तस्करी क्षेत्रको जिम्मेवारी आइन्दा एन्टी-टिआइपी महशाखा अन्तर्गत पर्नेछ। मानव तस्करीका सम्पूर्ण मुद्दामा अन्तत्वगत एन्टी-टिआइपी महशाखाले नै अनुसन्धान गर्ने भएपनि हाल अन्य निकायहरुले पनि यसमा अनुसन्धान चलाइरहेको स्थिति छ। मानव तस्करी लगायत महिला र चेलीबेटी विरुद्ध अपराधको अनुसन्धान गर्नका लागि नेपाल प्रहरीको महिला शाखाका अधिकारीहरु ७७ जिल्लामै भएतापानि सबै जिल्ला कार्यालयहरु पूर्ण रुपमा क्रियाशील थिएनन्। प्रहरी तथा कानून प्रशासनले मानव तस्करीका घटनाहरुलाई सक्रिय रुपमा पहिचान गर्न नसकेको मात्र होइन उनीहरुकहाँ सिफारिस गरिएका कतिपय मुद्दाहरु वर्ष दिन भन्दा अगाडीनै घटेका हुँदा त्यसमा प्रमाण संकलन तथा न्यायिक कार्वाही समेत कमजोर बन्न पुगे। मुद्दा र कार्वाही मा सफलता हाँसिल गर्नका लागि प्रहरी र सरकारी अधिवक्ताहरु पीडितको बयानमा निर्भर रहेको देखियो। पिडकहरु मद्धे आफ्नै परिवार र साथीभाइ पर्ने भएकोले पीडितहरुले अक्सर मुद्दा कारबाहीमा सहयोग गर्न चाहेनन्। मानव तस्करीका घटनामा पीडित र उनका अभिभावकहरुकले आफू विरुद्ध बयान नदिउन् भनेर पीडकहरुले नीजहरुलाई अक्सर पैसा खुवाउने गरे। विभिन्न गैसस र पीडित पक्षहरुसँग समन्वय गरेर मानव तास्करीका घटनाहरु दर्ता गराउनका लागि एन्टी-टिआइपी महशाखा तथा अन्य कानून प्रशासनसँग स्रोत साधनको अभाव भएकाले पीडितहरुलाई पीडकहरु विरुद्ध उजुरी गर्न थप मुस्किल बन्न पुगेको छ। प्रहरी र न्याय निकायहरुको बीचमा सधै समन्वय नभएकाले गर्दा कतिपय अवस्थामा प्रहरीद्वारा पूर्ण बेहोरा नपुगेका मुद्दाहरु अधिवक्तालाई हस्तान्तरण गरियो जसको कारण अदालतमा मुद्दा पेश गर्न सकिएनन। गैर-मानव तस्करीका मुद्दाको चरम चापका कारण कतिपय जिल्ला अदालतले मानव तस्करीको मुद्दामा “फास्ट ट्र्याक” प्रणाली अपनाउने भनि सर्वोच्च अदालतले दिएको सन् २०१३ को निर्देशन पालना गर्न कहिले काहीँ असमर्थ रहे। राष्ट्रिय न्याय प्रतिष्ठानले मानव तस्करी अनुसन्धान र कारबाही सम्बन्धी मानक कार्यविधि जारी गरेको भएपनि व्यवहारमा मानक कार्यविधि लागू गरियो वा गरिएन भन्ने कुरा न्यायाधिशमा निर्भर हुने देखियो। नेपाल प्रहरीले मानव तस्करीका मुद्दामा

अनौपचारिक रुपमा भारतीय अधिकारी सहित अन्य केही विदेशी न्याय प्रशासनसँग सहकार्य गरे। मानव तस्करीका मुद्दामा सरकारले खाडी मुलुकसँग सहकार्य गरेको बताएन।

प्रतिवेदन अवधिमा बालबालिका माथि मानव तस्करी लगायतका दुर्व्यवहार गरेको आशंकामा गैसस र प्रहरीले केही बालगृह तथा अनाथालयमा निगरानी राखेको र मानव तस्करीको आशंकामा प्रहरीले केही व्यक्तिलाई गिरफ्तारी समेत गरेको जानकारीमा आयो। बाल संरक्षण निकायहरुको निगरानी र हस्तक्षेपबाट छुटकारा पाउनका लागि एकातिर शोषणमा संलग्न यस्ता संस्थाका संचालकहरुले राजनैतिक पहुँचको प्रयोग गरे भने अर्कोतिर सरकारले पनि उनीहरुमाथि विरलै अवस्थामा मात्र कारबाही चलायो। बँधुवा मजदूर प्रयोग गरेको आशंका गरिएकाहरु माथि अनुसन्धान चलाउने विषयमा पनि सरकारले पर्याप्त पहल गरेन। सरकारले अधिकांश अन्तरदेशीय मानव तस्करीका घटनमाथि अपराधिक अनुसन्धान चलाउनु र दोषिलाई करबाही गर्नु पर्नेमा त्यस्ता घटनालाई सामान्य श्रम उल्लंघनको रुपमा बुझेर तिनलाई श्रम मन्त्रलयमार्फत प्राशासनिक ढंगबाट समाधान गराउँदा उल्लंघनकारीले पाउनुपर्ने सजाय पाएनन्। कानूनका ज्ञाताहरुका अनुसार अन्तरदेशीय श्रम तस्करी र वैदेशिक रोजगारी सम्बन्धि ठगी मुद्दामा सरकार पक्षका वकिलहरुले एचटिटिसीए र २००७ एफइए दुवै अन्तर्गत कारबाही चलाउन मिल्ने बताए; यद्यपि सरकार पक्षका अधिवक्ताहरुले यसो गर्न चाहेनन् किनकी उनीहरुको बुझाईमा यसो गरेको खण्डमा दोहोरो कानुनी धरापमा कसैलाई पार्न नमिल्ने प्रावधानको उल्लंघन हुन जान्थ्यो। वैदेशिक रोजगारी विभागको तर्फबाट मानव तस्करीको छानबिन गर्नका लागि प्रहरीमा कुनै पनि श्रम मुद्दा सिफारिस गरिएन। विदेशमा रोजगार गर्ने धैरै श्रमिकहरुमध्ये मानव तस्करी वा बेचबिखन लगायतका मुद्दामा न्याय प्राप्त गर्ने प्रक्रियाबारे अनभिज्ञता देखियो। वैदेशिक रोजगारी विभागका आधिकारीहरुले वैदेशिक रोजगारीमा दुर्व्यवहार भोगेका नेपाली कामदारहरुलाई आफ्ना गुनासोहरु प्रहरी समक्ष उजुरी गराउनको साटो सन २००७ को वैदेशिक रोजगारी ऐन अन्तर्गत दर्ता गराउन सुझाव दिने गरेका छन्। सन् २०२० को जनवरी महिनामा नेपाल

प्रहरी र वैदेशिक रोजगारी विभागकोबीच एक उल्लेखनीय कार्य सम्झौता (एमओयु) मा हस्ताक्षर भयो जस अन्तर्गत मानव तस्करीका पीडितहरुले काठमाण्डौं नआइकनै स्थानीय प्रहरी कार्यालयमा आफ्ना गुनासो दर्ता गर्न सक्ने भए। तथापि प्रवासी कामदार तथा स्थानीय प्रहरी चौकीहरुलाई यस परिवर्तन बारे कसरी सुसूचित गरियो भनेर सरकारबाट केही जानकरी आएन। श्रम तस्करीका पीडितहरुले आफूले भोगेको दुरव्यवहारको कानूनी उपचार र क्षतिपूर्तीका लागि २००७ को वैदेशिक रोजगारी ऐन अन्तर्गत नै आवेदन गर्न रुचाए किनकी श्रम दुर्व्यवहारका मुद्दलाई एचटिटिसीए अन्तर्गत चलाउँदा अपराधिक कारबाहीमा विलम्ब हुने, मानव तस्करीमा परेकालाई सो कुरा समाजमा खुलाउन पर्दा लज्जा हुने, २००७ को वैदेशिक रोजगारी ऐनमार्फत गए बढी क्षतिपूर्ती पाइने, र सरकारका केन्द्रीय निकायसम्म पुगेर न्यायको माग गर्न आफ्नो समय र आर्थिक हैसियत नपुग्ने धैरै विदेशमा काम गर्ने नेपालीको अनुभवले बताएको थियो।

मानव तस्करीमा संलग्न रहेका भनिएका केही सरकारी अधिकारीलाई सरकारले अनुसन्धान गरे तापनि तस्करीजन्य अपराधमा सरकारी भ्रष्टाचार र मिलेमतो निकै गम्भीर समस्याको रुपमा देखा परेकोले यस वर्ष यस क्षेत्रमा कानून कार्यान्वयनमा समेत बाधा पुग्यो । मानव तस्करहरुले सरकारी अधिकारीहरुलाई घूस खुवाएर असली नेपाली राहदानीमा नक्कली जानकारी भर्न मात्र लगाएनन्, विदेशोन्मूख कामदार वा म्यानपावर कम्पनीलाई जाली कागजात उपलब्ध गराउन समेत लगाए। कतिपय सांसद र सरकारी अधिकारीले म्यानपावर कम्पनीहरुसँग निकट सम्बन्ध राख्ने गरेकाले श्रमिकको दुर्व्यवहारमा लिप्त म्यानपावरलाई कारबाही गर्ने अथवा कामदारको सुरक्षार्थ नीति बनाउनेजस्ता वैदेशिक कामदारमैत्री निर्णयहरु गर्ने क्रममा उनीहरुको स्वार्थ बाझिन जाने चिन्ता गैससहरुले व्यक्त गरे। यद्यपि मानव तस्करीमा सरकारको मिलेमतो रहेको छ भन्ने अन्य आरोपहरु सम्बोधन गर्नमा सरकारले थोरबहुत प्रगती गरेको छ। सन् २०१७ को अगस्त महिनामा मिलेमतो र लापरवाही प्रदर्शन गर्दै ६० प्रतिशत विदेशोन्मुख नेपाली कामदारलाई त्रीभुवन

विमानस्थलबाट आवश्यक बाहिरगमनको प्रक्रिया पूरा नगरी विदेश जान दिने अध्यागमन र प्रहरी अधिकारी विरुद्ध कारबाही चलाउन सरकारलाई संसदले आदेश जारि गऱ्यो। यसको प्रतिक्रियामा सन् २०१९ को अक्टोबर महिनामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग (सिआइएए) नामक अर्ध-स्वतन्त्र अनुसन्धान निकायले १३ जना अध्यागमन अधिकारीमाथि अभियोग लगाएको छ। अख्तियारले १३ जनाविरुद्ध वैदेशिक श्रममा जाने सम्बन्धमा नेपाल सरकारले लगाएको प्रतिबन्धको उल्लंगन गर्न सहयोग गरेको र ४८ जना महिला आप्रवासी कामदारबाट जनही १०,००० नेपाली रुपियाँ ($८८) शुल्क बटुलेर उनीहरुलाई घरेलु कामदारको रुपमा काम गर्न कतार र संयुक्त अरब ईमिरेट्स (यूएई) पठाएको आरोप लगाएको छ। यसको अतिरिक्त सन् २०२० को जनवरी महिनामा केन्द्रीय अनुसन्धान विभाग (सिआइबी) ले ४१ वटा श्रम भर्ती एजेन्सी विरुद्ध अनुसन्धान सुरु गरेको छ, वैदेशीक रोजगारीमा पठाउँदा अवैध ढंगबाट पैसा कमाएको आरोपमा। सन् २०१७ को नोभेम्बर महिनामा कुनै वैदेशिक रोजगारी एजेन्सीबाट घूस लिने प्रयास गरेको आरोपमा अख्तियार (सिआइएए) ले वैदेशीक रोजगारी विभागको महानिर्देशक र सो विभागका अन्य दुईजना कर्मचारीलाई गिरफतार गर्यो। न्याय प्रशासनले तीनैजना अधिकारीबाट जमानत लिएर पछि आफ्नै कबुलमा रिहा गऱ्यो। यस प्रतिवेदन अवधीको आखिरीसम्म सो मुद्दा अझै अनिर्णित अवस्तथामा थियो। गैससहरुले केही प्रहरीलगायत राजनीतिक दलका नेताहरुको वयस्क मनोरञ्जन उद्योग (एईएस) मा आर्थिक लगानी भएको र त्यस नाताले उनीहरु पनि यौन तस्करीमा संलग्न रहेको आरोप लगाएका छन्। नेताहरुसँगको व्यक्तिगत सम्बन्ध भजाएर होस वा छापा नमार्नका लागि र परिचयका फर्जी कागजात प्राप्त गर्नका लगि प्रहरीलाई पैसा खुवाएर होस, वयस्क मनोरञ्जन व्यवसाय र शोषणजन्य अनाथालयका संचालनमा संलग्न मानव तस्करहरुले कारबाहीबाट उनमुक्ति पाउन सफल रहे। देह व्यापारका पीडितहरुसंग प्रहरीले यौनसम्बन्ध राख्न प्रस्ताव गरेको केही घटनाहरुप्रति जानकारहरुले बताए।

प्रतिवेदन अवधिमा संयुक्त राष्ट्र संघको मानव अधिकार समितिले सन् २०१० र २००२ मा क्रमश एकजना बालक र एकजना बालिकालाई बाध्यात्कम श्रममा संलग्न गराएको आरोपमा केही नेपाली सेनाका अधिकारीविरुद्ध परेका उजुरीको सुनुवाई गऱ्यो। पहिलो उजुरीमा एकजना नेपाली पुरुषले सन् २०१० र २०१२ को बीचमा आफू १२ वर्षदेखी १४ वर्षको उमेरको छँदा एक नेपाली सेनाका अधिकारीले आफूलाई बिना वेतन दिनमा १८ घण्टा काम गराएको आरोप लगाए। सन् २०१२ मा उनी त्यस घरबाट भाग्न सफल भए। त्यसपछि सेनाका अधिकारीले प्रहरीमा नीजविरुद्ध चोरीको कृत्रिम उजुरी दर्ता गराए। त्यसको भरमा प्रहरीले नीजलाई पक्राउ गरेर यातना भोगाए जुन कुरा स्वास्थ्य परिक्षणद्वारा पुष्टी भएको छ। तर यति हुँदासम्म पनि न्यायालयले नीजको बयानमा अनुसन्धान चलाउन अस्वीकार गऱ्यो। समितिले सरकालाई पीडित पक्षलाई क्षतिपूर्ती भर्न आदेश दिएपनि सरकारले यसको अवज्ञा मात्र गरेन, संदिग्धमाथि अपराधिक अनुसन्धान सुरु गर्नसमेत सरकार तयार रहेन। दोस्रो मुद्दामा समितिले सरकारलाई एक महिलाले गरेको उजुरीलाई सहयोग र समर्थन गर्न सुझाव जारी गऱ्यो जसमा सो महिलाले सन् २००२ मा आफू १४ वर्षको छँदा शाही नेपाली सेना र प्रहरी मिलेर आफूलाई गिरफतार गरी हिरासतमा राखेको र सेनाको शिविरमा बाध्यात्मक श्रममा लगाएको र त्यसपछि सरकार विरोधि माओबादी माथि सुराकी गर्न बाध्य बनाएको दाबी गरेकी थिइन्। यस उजुरीको सम्बन्धमा अपराध अनुसन्धान चलाएको अथवा क्षतिपूर्ति प्रक्रियाको थालनी गरेको कुनै पनि जानकारी सरकाबाट आएन।

## संरक्षण

सरकारले मानव तस्करी पीडितहरुको पहिचान र संरक्षण गर्ने आफ्ना पहलहरुलाई निरन्तरता दियो। यस वर्ष एकातिर सरकारद्वारा पहिचान गरिएका मानव तस्करी पीडितको कुल संख्यामा कमी आउनुका साथै विदेशमा रहेका पुरुष तथा अन्य तस्करी पीडितलाई उपलब्ध सेवासुविधा पनि अपर्याप्त रहे भने अर्कोतिर अघिल्लो वर्षको तुलनामा यस वर्ष सरकारले शोषणपूर्ण बालगृहबाट बालबालिकाको उद्धार गर्ने कार्यलाई तीव्रता मात्र दिएन, मानव तस्करी पीडितलाई पनि बढी संख्यामा स्वदेश फिर्ता गरायो। नेपाल प्रहरी महिला

सेल (एनपिडब्लूसी) ले २५८ वाटा अनुसन्धानबाट ३८७ जना पीडितको पहिचान गऱ्यो, जुन अघिल्लो वर्षको ३१३ बाट अनुसन्धानबाट ५४६ जनाको पहिचान गरिएको संख्या भन्दा निकै कम हो। ३८७ पीडित मद्धे तस्करहरुले ७४ जनालाई यौन तस्करी र ८० जनालाई श्रम तस्करीको पीडित बनाए। यद्यपि बाँकी २३३ जना सम्भावित पीडित कुन प्रकारको तस्करीमा परे भनेर प्रतिवेदनले खुलाएन। ३८७ पीडितमध्ये ७१ जना पुरुष थिए भने १५० जनाको उमेर १९ वर्षभन्दा कम थियो। गत आर्थिक वर्ष तीनवटा घटनामा पहिचान गरिएको ११९ जना पुरुष भन्दा यो संख्या थोरै कम हो। विगतका वर्षहरुमा सरकारले विरलैमात्र पुरुष पीडितहरुको पहिचान गर्ने गरेकोमा तुलनात्मक रुपमा यस वर्ष पुरुष पीडितको पहिचान गर्ने क्रम बढेको हो। सरकारले २०० बालबालिकालाई बिनादर्ता संचालित अनाथालयको दुर्व्यवहार र शोषणबाट मुक्त गऱ्यो। अनाथालयले केही बालबालिकालाई माग्नेको रुपमा र हस्तकलामा काम गर्न बाध्य गराएका थिए भने केही अरुलाई यौन दुर्व्यवहारको शिकारसमेत बनाएका थिए। दर्ता भएका कुल १५,००० बालबालिकाको हेरचाह गर्ने अनाथालयहरु मद्धे कम्तिमा एक तिहाईले सरकारको मापदण्ड पूरा गर्न नसकेको र नियमित सरकारी निरीक्षण बाहिर रहेको सरकारको अनुमान थियो। पीडितको पहिचान गर्ने र उनीहरुलाई विभिन्न सेवा उपलब्ध गराउन सिफारिस गर्ने विषयमा यता सरकारको कुनै मानक कार्यविधि नभएको अवस्थामा उता एनपिडब्लूसी (NPWC) ले पीडितहरुको पहिचान र हेरचाह गर्न आन्तरिक निर्देशिका तयार गरेको छ भने एमडब्लुसिएससी (MWCSC) ले पीडितको पहिचान, सेवा सिफारिस र तथ्यांक संकलनका लागि मानक कार्यविधिको खाका तयार गर्ने कार्यलाई निरन्तरता दिएको छ। सरकारी अधिकारीहरुले प्रणालीबद्ध रूपमा पीडितको पहिचान र गन्ति गरेनन्। मानव तस्करी बारे सरकारी अधिकारीहरुको कमजोर बुझाई र त्यसको साथै मानक कार्यविधिको अभावले गर्दा पीडितहरुको सक्रिय पहिचान गर्नमा बाधा पुगिरहेको थियो, खासगरी विदेशमा दुर्व्यवहार भोगेर देश फिर्ता भएका पुरुष कामदारको हकमा। प्रहरीले व्यवसायिक यौन धन्दामा संलग्न बालबालिका पनि यौन तस्करीका पीडित हुन् भन्ने कुरा नबुझेर कहिलेकाहीँ १६-१७ वर्षिय युवतीहरुलाई व्यवसायबाट निकालेर सिधै घरतिर पठाइदिने गरे। यस्ता युवतिलाई प्रहरीले न कुनै सेवा संस्थामा जान सिफारिस गरे न त उनीहरुका

पीडक विरुद्ध मुद्दा नै दायर गरे। अन्तर-देशीय मानव तस्करी ठूलै रुपमा संचालन हुने झण्डै १,१०० माईल लामो नेपाल-भारत सिमानाको गस्ती गर्नका लागि नेपाल प्रहरीलाई न त पर्याप्त कर्मचारी नत साधन र प्रशिक्षण नै उपलब्ध थियो। यसैले गर्दा सम्भव भएसम्म गैससहरुले नै नाका निरीक्षणको जिम्मेवारी पूरा गरेका थिए। यद्यपि उनीहरुको लगभग सम्पूर्ण ध्यान बेचबिखनमा परेका सम्भावित महिला पीडितलाई नाकामा रोक्नुमा खर्च भइरहेको अवस्था थियो। गैससहरुले मानव तस्करी घटनाहरुको पहिचान गरेपछि सो बारे आफूहरुलाई हरेक पटक जानकारी नदिने गरेको प्रहरीको भनाई थियो।

पीडितको हेरचाह र सेवा सिफारिसका लागि सरकारले न्यूनतम राष्ट्रिय मापदण्ड खडा गरे तापनि सेवा सिफारिस प्रक्रिया अस्थाई र अपर्याप्त रह्यो। नेपाल प्रहरी महिला सेलले पीडितहरुलाई प्रायजसो गैससकहाँ अथवा सरकारद्वारा संचालित अस्पताल स्थित एकद्वार आपतकालीन केन्द्रहरुमा जान सिफारिस गऱ्यो जहाँ पीडितहरुलाई आश्रय, स्वास्थ्य सेवा, र कानुनी सल्लाह उपलब्ध हुन सक्थ्यो। सरकारले कतिजना पीडितलाई यस्ता सेवामा जान सिफारिस गऱ्यो भनेर संख्या खुलाएन। सरकारले गैससहरुसँग सहकार्य गर्दै मानव तस्करी पीडितहरुको उद्धार गरे तापनि धेरैजसो आर्थिक तथा भौतिक स्रोत उपलब्ध नगराइकनै पीडितहरुको हेरचाहको जिम्मा गैससलाई बुझाउने गऱ्यो। कतिपय अवस्थामा महिला बालबालिका तथा जेष्ठनागरिक मन्त्रालयको सहयोगबिना नै संचालनमा रहेका १० वटामद्धे कुनै एक गैससको आश्रय स्थलमा जान सरकारले पीडितहरुलाई सिफारिस गऱ्यो। आर्थिक वर्ष सन् २०१८-१९ मा सरकारले विदेशमा रहेका दूतावासद्वारा संचालित पीडितको हेरचाह गर्ने १० वटा आश्रयस्थलका लागि नेपाली रुपियाँ १ करोड ($८७,९१०) विनियोजन गरेकोमा यस वर्ष सो प्रायोजनका लागि कति रकम छुट्याइयो भनेर सरकारले खुलाएन। यस आर्थिक वर्षमा आश्रयस्थलहरुले १,०२१ मानव तस्करी लगायतका पीडितहरुको सहयोग गरेतापनि उनीहरुले पहिचान भएजति सबै पीडितलाई स्वीकार गर्न भने सकेनन्। उनीहरुले पुरुष पीडितको हेरचाह पनि सबै अवस्थामा गर्न सकेनन्। आफ्ना पीडकहरु विरुद्ध उजुरी गर्ने पीडितहरुलाई आश्रयस्थल ले दीर्घकालीन रुपमा आश्रय र परामर्श दिन

सकेनन् जसका कारण धेरै पीडितहरुले मुद्दा दायर गर्न सकेनन्। मानव तस्करी र लैङ्गिक हिंसाका पीडितहरुको लागि महिला बालबालिका तथा जेष्ठनागरिक मन्त्रालय र विभिन्न गैससले सामुयदायिक सेवा केन्द्र संचालन गरिरहेका छन्। यस्ता केन्द्रहरुको संख्या हरेक वर्ष क्रमिक रुपमा वृद्धि हुँदै हाल ३६ जिल्लामा १२३ केन्द्र संख्या पुगेको छ। महिला बालबालिका तथा जेष्ठनागरिक मन्त्रालयले गैससहरुलाई केहि कर्मचारीका तलब, संचालन खर्च र पीडितका लागि कानुनी र मनोवैज्ञानिक परामर्श जस्ता विषयमा आर्थिक सहयोग उपलब्ध गराउन सक्छन्। यद्यपि महिला बालबालिका तथा जेष्ठनागरिक मन्त्रालयले गैससहरुले आफ्ना खर्चको भुक्तानीको माग गरेपछि मात्र आर्थिक सहयोग निकाशा गऱ्यो। सरकारी अस्पतालहरुले मानव तस्करी पीडितहरुलाई निःशुल्क स्वास्थ्य सहयोग उपलब्ध गराउनु पर्नेमा अक्सरगरेर उनीहरुले त्यस्ता सेवाका लागि गैससबाट भुक्तानीको माग गरे। महिला बालबालिका तथा जेष्ठनागरिक मन्त्रालयद्वारा पुरुष पीडितको संरक्षण र पुनर्स्थापनाका लागि लक्षित रकम छुट्याइएन। यद्यपि त्यस प्रयोजनका लागि सो मन्त्रालयले अन्य आर्थिक स्रोत परिचालन गर्न सक्ने स्थिति थियो। यति हुँदाहुँदै पनि अन्तर्राष्ट्रिय संघ संस्थाका प्रतिवेदन अनुसार प्राय अवस्थामा मानव तस्करीका पुरुष पीडितेल सेवा सुविधा प्राप्त गर्न सकेनन्। तस्करी पीडितहरुले तस्करहरुबाट क्षतिपूर्ति पाउनका लागि फौजदारी मुद्दा दायर गर्नु एउटा विकल्प थियो भने अर्को विकल्प थियो सरकारको पीडित पुनर्स्थापना कोषबाट छुटेको तलब प्राप्त गर्नु, खासगरी सरकारले तस्करमाथि लगाएको जरिमाना असुल गर्न नसकेको अवस्थामा। अघिल्ला वर्षहरुमा जस्तै यस वर्ष पनि कतिजना पीडीतले क्षतिपूर्ति पाए र सरकारको राहत कोषबाट कसैको आर्थिक पुनर्बाहाली भयो भएन भनेर सरकारले खुलाएन।

समग्रमा भन्नु पर्दा साक्षी संरक्षण व्यवस्था लगायत प्रहरी र न्यायकर्मीहरुका अभ्यास अपर्याप्त नै रहे। आफूलाई तस्कर गर्नेहरुको विरुद्धमा देवानी मुद्दा चलाउँदा एचटिटिसीएकै प्रावधान अन्तर्गत नीजि वकील राख्न पाइनेबारे अधिकांश पिडितहरु बेखबर राहेको पाईयो। पीडितहरुले नीजि वकील राखेको खण्डमा पनि प्रहरी र न्यायालयले मुद्दा सुनवाइको तारिख

एवं मुद्दा सम्बन्धि अत्यावश्यक दस्तावेज उपलब्ध गराउन इन्कार गर्ने गरेकोले मुद्दालाई सशक्त रुपमा अगाडी बढाउन वकीलहरु प्राय असमर्थ रहे। अदालती सुनवाई जारी रहँदासम्म पीडित र साक्षीहरुलाई यातायात र रात बस्ने खर्च उपलब्ध गराउने पहललाई प्रहरीले निरन्तरता दियो। यद्यपि, यस्ता सेवासुविधा सबै प्रकारका तस्करी पीडितहरुलाई उपलब्ध भए नभएको अधिकारीहरुले खुलाएनन्। पीडितहरुले आफ्ना बयान दिने क्रममा विभिन्न चुनौती भोग्नु परेको बताए। उदाहरणका लागि क्यामराद्वारा बयान दिँदा कोठाको ढोका खुला राखिने, पीडकहरुबाट धम्की, क्षतिपूर्तीको अभाव अथवा अदालतले तोकेको क्षतिपूर्ती व्यवहारमा असुल्न क्षमता नहुने। विशेषतः स्रोत अभावको कारण प्रहरीको संरक्षण पाउने पीडितको हक कुण्ठीत हुन पुगिरहेको थियो भने केही पर्यवेक्षकहरुका अनुसार व्यक्तिगत र परिवारको सुरक्षाका कारण पीडितहरुले एचटिटिसीए अन्तर्गत फौजदारी मुद्दा दायर गर्न संकोच मानिरहेका थिए। एचटिटिसीएले न्यायालयहरुलाई पीडितहरु अदालतमा उपस्थित हुन नसकेमा उनीहरुलाई जरिमाना तिराउन सक्ने र सुरुमा दिएको बयानभन्दा पछि आएर फरक बयान दिएको खण्डमा फौजदारी अभियोग समेत लागाउन सक्ने अधिकार प्रादान गरेको छ। तस्करहरुले बाध्य बनाएर गर्न लगाएका अवैध गतिविधिमा संलग्न भएको भन्दै प्रहरीले केही बालबलिकालाई गिरफ्तारमात्र गरेनन् उनीहरुलाई कारावास र जरिमाना समेत भोगाए। गैर नेपाली (विदेशी) पीडितलाई निर्वासन गर्नेबाहेक सरकारसँग कुनै अर्को कानुनी विकल्प थिएन। सरकारको अध्यागमन विभागले प्रवेशाज्ञाको म्याद गुज्रेका गैर मुलुकीहरुलाई निर्वासन गर्ने कदम जारी राख्यो; यद्यपि विभागले त्यस्ता गैर-मुलुकीमध्ये केही मानव तस्करी पीडित पनि हुनसक्थे कि भनेर सोधखोज गरे नगरेको प्रस्ट गरेन।

वैदेशिक रोजगारीमा शोषणको शिकार भएका नेपाली नागरिकहरुका लागि सरकारको सेवाहरु अपर्याप्त नै रहे। सन् २००७ को वैदेशिक रोजगारी ऐनले ५००० जना भन्दा बढी नेपाली वैधानिक रूपमा काम गर्ने मुलुकमा कामदारहरुले भोगेगा दुर्व्यवहार र शोषणका

उजुरी र उनीहरुको स्वदेश फिर्ती प्रक्रियालाई सहजिकरण गर्नका लागि एकजना श्रम सहचारी नियुक्त गर्नुपर्ने आबस्यकता तोकेको छ। यद्यपि, सहचारी कार्यालय संचालन गर्न लाग्ने खर्चका कारण ऐनले आवश्यक भनि तोकेका कतिपय मुलुकमा सहचारी उपस्थित हुन सकेनन्। केही दूतावासहरु पिडितहरुलाई अस्थायी आश्रय प्रदान गर्नुका साथै स्वदेश फिर्ता गराउन सक्षम भएपनि कर्मचारी तथा स्रोतसाधनको अभावका कारण सरकारद्वारा संचालित आश्रयस्थलहरुको व्यवस्थापन पक्ष फितलो हुने र पीडितलाई सहयोग पुऱ्याउनमा निकै ढिलाई हुने गरेको अधिकारीहरुले बाताए। बहराइन, कुवेत, मलेसिया, ओमान, कतार, साउदी अरब, संयुत अरब इमिरेट्सका नेपाली दूतावासहरु हरेकले केही मानव तस्करी पीडित महिला सहित २५ जनासम्म प्रवासी महिला कामदारलाई आश्रय दिन सक्ने आफ्नो क्षमता रहेको बताए। यद्यपि दूतावासहरुले कतिजना कामदारलाई सहयोग गरे भन्ने तथ्यांक उपलब्ध गराएनन्। यी मुलुकहरुमा उच्च संख्यामा नेपाली पुरुष कामदारहरु मानव तस्करीको पीडित हुने गरेको भएतापनि आश्रयस्थलहरुले पुरुषहरुलाई भने सहयोग दिएनन्। वैदेशिक रोजगारी बोर्ड (एफइबी) ले आश्रयस्थलहरुमा पर्याप्त ठाउँ, कर्मचारी, र स्रोतसाधनको आभाव रहेको स्वीकार गरे। एफइबीले दर्तावाला विदेशोन्मुख कामदारबाट कामदार कल्याण कोषका लागि शुल्क उठाए जसबाट विदेशमा घाइते अथवा मृत्यु भएका कामदारको स्वदेश फिर्ती खर्च र उनीहरुका परिवारलाई आर्थिक सहयोग उपलब्ध गराइन्छ। यस कोषबाट मानव तस्करी पीडितले समेत सहयोग पाउन सक्छन्। कोषको प्रयोगबाट गत वर्ष ६४ जना कामदारलाई स्वदेश फिर्ता गराइयो भने यस आर्थिक बर्षमा त्यो संख्या बढेर ८४ जना पुगेको छ। त्यस्तै गत वर्ष विदेशमा काम गर्दै गर्दा मृत्यु भएका नेपालीका ८२३ लाश स्वदेश फिर्ता गरिकोमा यस वर्ष सो संख्या उल्लेखनीय रुपमा घटेर ३९१ मा झरेको छ। एफइबीले यस वर्ष थप ५,०५० जना वैदेशिक कामदारलाई मलेसियाबाट स्वदेश फिर्ता गर्नका लागि कल्याण कोष बाहिरबाट खर्च बेहोरेको थियो। सरकारले स्वदेश फिर्ता गरिएका मद्धे कसैलाई पनि मानव तस्करी पीडित भनि पहिचान नगरेको र उनीहरुमाथि शोषण गरेको आरोपमा कसै विरुद्ध फौजदारी मुद्दा दायर नभएको जानकारी गरायो। यस

वर्ष महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले स्थानीय दूतावासहरुलाई आर्थिक स्रोत उपलब्ध गराएर मानव तस्करीमा परेका ३११ जना नेपालीलई  भारत, मलेसिया, श्रीलंका, थाइल्याण्ड, र यूएइबाट स्वदेश फिर्ता गरायो। एफइबीले आवश्यकता अनुसार अर्थ मन्त्रालयसँग स्रोतको अनुरोध गरेर मानव तस्करी पीडितलगायत अवैध रुपमा काम गर्ने अन्य नेपाली वैदेशिक कामदारलाई स्वदेश फिर्ता गर्न सक्छ। तर एफइबीले यसबाहेका अन्य अर्थिक सेवा र सुविधा उपलब्ध गराउन सक्दैन। मानव तस्करी पीडित लगायत अवैध रुपमा काम गर्ने अन्य नेपाली वैदेशिक कामदारको लागि एउटा कल्याण कोष खडा गर्ने एफइबीको प्रस्तावलाई अन्य सरकारी निकायले पटक पटक विरोध गरे। मानव तस्करी पीडित नेपालीहरुलाई भारतबाट स्वदेश फिर्ता गर्नमा लागेको खर्च अधिकांश रुपमा गैससहरुले नै बेहोरे। नेपाल र अन्य मुलुकको बीचमा नागरिकहरुलाई स्वदेश फिर्ता गराउने सम्बन्धि कुनै औपचारिक व्यवस्था नभएकोले गर्दा स्वदेश फिर्तीमा दुई वर्षसम्म लाग्न सक्ने गैससहरुले बताए। विदेशमा असहज र जोखिमपूर्ण परिस्थितिमा रहेर दुर्व्यवहार भोगिरहेका नेपाली कामदारहरु स्वयमले अथवा उनीहरुको लागि अरु कसैले स्वदेश फिर्तीका लागि सरकार समक्ष अनुरोध गर्न सकुन भनेर वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीमा गएका कामदारहरुको लागि अनलाइन आवेदन फार्म उपलब्ध गराएको छ। यद्यपि गैससहरुले धेरै कामदारहरुसँग त्यस अनलाइन साइट प्रयोग गर्नका लागि आवश्यक कम्प्यूटरको सीप नहुने बताए। वैदेशिक रोजगारी  विभागका अनुसार खासगरी खाडी मुलुक र मलेसियाबाट स्वदेश फिर्तीका लागि अनुरोधहरु बढ्दै गएको भए पनि विभागमा कतिवटा त्यस्ता अनुरोध आए, कतिवटा स्वीकार गरिए र कतिवटा मानव तस्करीसँग सम्बन्धित थिए भनेर विभागले खुलाएन। गैससहरुले श्रम मन्त्रालय र महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबीचको समन्वय कमजोर रहेको मात्र बताएनन्, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र गैससहरुले प्रदान गर्न सक्ने सेवा सुविधाको बारेमा पनि मानव तस्करी पीडितलाई नियमित रुपमा जानकार नगराइने श्रमसम्बन्धि अधिकारीहरुले बताए।

## रोकथाम

मानव तस्करी रोकथामका लागि सरकारका आफ्ना प्रयासहरुमा कमी आएको छ । मानव तस्करी नियन्त्रणका लागि गरिने अन्तरविभागीय पहलहरुमा मानव तस्करीविरुद्ध गठन राष्ट्रिय स्तरको समिति, मानव तस्करी नियन्त्रण राष्ट्रिय समिति (एनसिसीएचटी) ले आफ्नो नेतृत्वदायी भूमिका कायम राखेको छ। समितिले सरकार र नागरिक समाजबीच मानव तस्करी विरुद्ध गतिविधिको समन्वय गरिरहेको भए तापनि पर्यवेक्षकहरुका अनुसार समितिको सदस्यतामा छिटो छिटो फेरबदल आईरहने भएकोले उसको कार्यक्षमतामा बाधा पुगिरहेको थियो। यसबाहेक सरकारले मानव तस्करी नियनत्रण स्थानीय समिति (एलसिसीएचटी) र मानव तस्करी नियनत्रण जिल्ला समिति (डिसिसीएचटी) लाई श्रोतसम्पन्न बनाउने र संचालन गर्ने कार्यलाई निरन्तरता दिईयो । यद्यपि सरकारबाट यस्ता संरचनाहरुको पुनःव्यवस्थापन गर्ने क्रममा केही समितिहरु निष्क्रिय बन्न पुगे। गैससहरुको अनुसार एलसिसीएचटी र डिसिसीएचटीमा स्रोतसाधनको अभावको कारण तस्करी विरुद्ध पहलहरु केन्द्रमा सीमित मात्र हुन पुगेनन् तिनमा ढिलासुस्ती पनि देखियो। रोकथाम र संरक्षण कार्यका लागि स्थानीय समितिहरुलाई कति अर्थिक स्रोत उपलब्ध गराईयो भनेर महिला बालबालिका तथा जेष्ठनागरिक मन्त्रालयबाट खुलाईएन। एनसिसीएचटीले डिसिसीएचटीका कर्मचारीहरुसँग भेट गर्ने र उनीहरुलाई प्रशिक्षण दिने क्रमलाई निरन्तरता दियो। यद्यपि पर्यवेक्षकहरुले एनसिसीएचटी, एलसिसीएचटी र डिसिसीएचटीबीच समन्वयमा सुधार ल्याउनु पर्ने औंल्याए। महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले समितिहरुको भूमिकालाई पूनःपरिभाषित गर्ने गरी कानूनमा संशोधन ल्याउने कार्यको थालनी गरेको छ। सन् २०१८ को जनवरीमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको नेतृत्वमा गरिएको सन् २०१२-०२२ मानव तस्करी राष्ट्रिय कार्ययोजनाको समिक्षाले देखाएको छ कि सो योजनाका कानुनी कारबाही र क्षमता वृद्धि सम्बन्धि उद्देश्य मध्ये एक तिहाई भन्दा कम मात्र कार्यान्वयन भएका छन्। यस प्रतिवेदन

वर्षमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले नेतृत्व गरेको कार्यसमितिले कार्ययोजना संशोधन प्रक्रियाको थालनी गरेको भएपनि एनसिसीएचटीले भने योजना कार्यान्वयनबारे थप जानकारी उपलब्ध गराएन। महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले सरकारको मानव तस्करी विरुद्ध प्रयासहरुको सम्बन्धमा सातौं वार्षिक प्रतिवेदन जारी जगरेको छ भने राष्ट्रिय मानव अधिकार आयोगको महिला तथा बालबालिका तस्करी विशेष प्रतिवेदक (ओएसआरटी) ले मानव तस्करीसम्बन्धि आफ्नो नवौं प्रतिवेदन जारी गरेको छ। सरकारी अधिकारीहरुले ओएसआरटीको प्रभावकारितामा कमी आउनुका साथै सो निकायका उच्च पदहरु पूर्ती गर्न सरकार असफल रहेको उल्लेख गरे। यसै प्रतिवेदन वर्षमा केन्द्रीय तथ्यांक विभागले गत पाँच वर्षमा बाध्यामक श्रमको व्यापकता बारे पहिलो सरकारी अध्ययन प्रकाशित गऱ्यो जसको आधारमा १०,००० बालबालिका सहित ६१,००० भन्दा बढी नेपालीहरु खासगरी कृषि, वन, तथा निर्माण क्षेत्रमा बाध्यात्मक श्रममा परेको अभिलेखीकरण भएको छ। गैसस वा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँगको साझेदारीमा सरकारले देशव्यापी रुपमा सचेतना अभियानहरु संचालन गरेको छ। यद्यपि महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका अधिकारीले त्यस्ता अभियानहरु सबभन्दा उच्च जोखिममा रहेका समुदायसम्म प्राय नपुग्ने बताए। प्रहरीले वयस्क मनोरञ्जन व्यवसायहरु माथि आफ्नो नियमित निरीक्षण जारी राखेपनि निरीक्षणको गुणस्तरियता प्रहरी टोली र टोली नेतृत्वमा निर्भर रहने स्थिति थियो। विद्यमान कानूनले वयस्क मनोरञ्जन व्यवसायहरुमा श्रमनिरीक्षकहरुको प्रवेश निषेध गरेकोले धेरै त्यस्ता व्यसवसायहरुले बालबालिका सहित वयस्क उमेरका मानव तस्करी पीडितको श्रम प्रयोग गर्न छुट पाएको गैससहरुले बताए। वयस्क मनोरञ्जन व्यवसायको हकमा यस प्रकारको नियमनको अभावको स्थितिलाई सम्बोधन गर्नका लागि सरकारले विशेष समितिको व्यवस्था गरे तापनि समितिलाई त्यस्ता व्यवसायहरु माथि निगरानी राख्नका लागि नियमनको एउटा वृहत ढाँचा उपलब्ध नभएको र प्रभाकारिता व्यक्तिगत अधिकारीमा बढीनै निर्भर रहेको अवस्था देखियो। वयस्क मनोरञ्जन व्यवसायहरुमध्ये आधा जसो मात्र औपचारिक रुपमा दर्ता भएको जानकारहरुले बताए।

यस प्रतिवेदन अवधिमा वैदेशिक रोजगारी विभागेल सातैवटा प्रदेशमा आफ्नो कार्यालय शाखा खोलेको छ, जहाँबाट वैदेशिक रोजगारीमा जाने तयारीमा रहेका मानिसले रोजगारी सम्बन्धि सेवा सुविधा उपलब्ध गर्न सक्नेछन्। त्यसबाहेक वैदेशिक कामदारले विदेशको काममा सामना गर्नुपर्ने सबभन्दा आम चुनौतीहरुको मूल्यांकन र समाधान गर्नका लागि श्रम मन्त्रालयले वैदेशिक रोजगारीका प्रमुख स्रोत जिल्लाहरुमा खास परियोजनाको आरम्भ गरेको छ। सरकारले विदेशिने कामदारलाई विदेश जानुअधि अनिवार्य तालिम लिन आवश्यक बनाएको भए तापनि थोरै जिल्लाहरुमा मात्र तालिम चालु थिए, यद्यपि विदेशमा काम गर्दा त्यहाँको नेपाली कुटनैतिक नियोगलाई सम्पर्क गरेर उजुरी गर्ने प्रक्रियालाई तालिले सम्बोधन गरेन । यसै सन्दर्भमा केही म्यानपावर कम्पनीले प्रशिक्षण प्रमाणपत्रका लागि कामदारहरुबाट शुल्क उठाए तर त्यस बापत प्रशिक्षण भने प्रदान गरेनन्। सरकारले स्वदेश फिर्ता भएका कामदारहरुलाई निःशुल्क सीप मुल्यांकन गर्ने अवसर प्रदान गर्दै उनीहरुले विदेशमा प्राप्त गरेका सीपको प्रमाणीकरण पनि गर्‍यो। यद्यपि कतिजनाले यो सेवा प्राप्त गरे भनेर सरकारले संख्या खुलाएन। यसै प्रतिवेदन अवधिमा नेपालले मोरिसस्, मलेसिया र यूएईसँग सहमती ज्ञानपत्र (एम्ओयू) मा हस्ताक्षर गर्‍यो। सबै गन्तव्य मुलुकले सहमती ज्ञानपत्रमा आ-आफ्ना न्याय प्रणाली भित्र नेपाली कामदारको पहुँच सुनिश्चित गरेका छन् भने केही सहमती ज्ञानपत्रमा रोजगारदाताले कामदारको सम्पूर्ण भर्ती र यात्रा खर्च बेहोर्ने सर्त राखिएको छ र यसैगरि अरुमा कामदारले बुझाउनु पर्ने शुल्क सीमित गरिएको छ। विगतमा कामदारलाई यसैगरी सुरक्षित राख्ने यस्तै प्रकारका प्रस्तावनाहरुलाई सरकारले लागू गर्न नसकेको स्थितिमा यसपटक सरकारले सहमतीहरु कसरी लागू गर्न सक्ला भन्ने कुरा प्रस्ट थिएन। मलेसियासँग गरेको सहमति ज्ञानपत्रको बेहोरा सरकारले सार्वजानिक नगरेकोले त्यसमा कामदार सुरक्षाका बुँदाहरु समावेश भए नभएको स्पष्ट थिएन। वैदेशिक रोजगारीको सम्बन्धमा सरकारका नीति र प्रक्रिया लामो र खर्चिलो मात्र होइन कहिलेकाहीँ महिला प्रति विभेदकारी पनि थिए। सरकारले २४ वर्ष मुनिका महिला र दुई वर्षभन्दा कम उमेरका बालबच्चा हुने महिलाहरुलाई घरेलु कामदारको रुपमा खाडी देशमा जानमाथि

लगाएको प्रतिबन्धलाई कायम राख्यो, जसको कारण अवैधरुपमा महिलाहरु विदेशिने सम्भावना बढ्न गएको जानकारहरुले बताए। कामदारलाई सुरक्षित राख्ने द्विपक्षीय सम्झौता नभएका देशहारुमा पनि सरकारले नेपाली महिला कामदारहरुलाई पठाउने गरेकोमा वैदेशिक कामदार अधिकारवादीहरुले चिन्ता व्यक्त गरे।

सरकारको वैदेशिक रोजगार नर्देशिका २०७२ सालमा समावेश भएको नीति अनुसार विदेशी रोजगारदातले मलेसिया र खाडी मुलुकमा काम गर्न जाने नेपाली कामदारको भिसा शुल्क र भ्रमण खर्च बेहोर्नु पर्ने व्यवस्था छ। यस नीतिले म्यानपावर संस्थाहरुले छनोटमा परेका कामदारबाट लिन पाउने शुल्कलाई रु. १०,००० ( $ ८८) मा सीमित गरेको छ। वैदेशिक रोजगारी विभागले ठगी गर्ने म्यानपावरलाई कारबाही गर्ने र वैदिशिक रोजगारीलाई थप व्यवस्थित बनाउने हेतुले १८५ वटा दर्तावाला म्यानपावर संस्थाहरुको दर्ता खारेज गरेको छ। त्यसबाहेक केही म्यानपावर कम्पनीहरु बन्दसमेत भए जसका कारण म्यानपावरको कुल संख्या १,५२७ बाट झरेर ८५३ पुगेको छ। ३९ बाट झर्दै हाल ८५३ मध्ये जम्मा २४ बटा म्यानपवारले मात्र घरेलु कामदारमा भर्ति गराउने स्वीकृति पाएका छन्। सरकारबाट कुनै म्यानपावर एजेन्सी विरुद्ध देवानी अथवा फौजदारी मुद्दाको अनुसन्धान सुरु गरे नगरेको जानकारी आएन। गैसस तथा सरकारी अधिकारीहरु दुवै पक्षले म्यानपावरहरुद्वारा गरिने कानून अवहेलनाको सम्बोधन गर्नमा विद्यमान अनुगमन संयन्त्र प्रभावकारी नरहेको उल्लेख गरे। म्यानपावर कम्पनीहरुले विदेश जाने नेपाली कामदारहरुबाट नियमितरूपमा तोकिएको सीमा रु.१०,००० ($ ८८) भन्दा बढी असुल्ने गरेका छन्। एकातिर वैदेशिक रोजगारी विभागले हप्तामा तीनवटा म्यानपावर माथि अनुसन्धान चलाएको दाबी गऱ्यो भने त्यसको प्रतिउत्तरमा नागरिक समाजले खासगरि अवैध शुल्क उठाउने जस्ता श्रम उल्लंघन गर्ने म्यानपावर एजेन्सी विरुद्ध वैदेशिक रोजगारी विभागले पर्याप्त मात्रामा अनुसन्धान र दण्डको प्रयोग नगरेको बताए। वैदेशिक रोजगारी बोर्डले श्रम कानून उल्लंघन सम्बन्धि केही म्यानपावरको अनुगमन गर्नुका साथै कतिपय घटनाको सुनवाई र दण्ड प्रक्रियाका लागि

वैदेशिक रोजगारी विभाग र वैदेशिक रोजगारी न्यायाधिकरणको ध्यानाकर्षण गरायो। यद्यपि, वैदेशिक रोजगारी बोर्डले प्रतिवेदन अवधिमा श्रम उल्लंघनका मुद्दा सिफारिस गरे नगरेको खुलाएन। जानकारहरुका अनुसार वैदेशिक रोजगारी बोर्डले श्रम सम्बन्धि अत्याधिक गुनासोहरुलाई प्रशासनिक ढंगबाट टुंगो लगायो। बोर्ड र विभाग दुवैले उल्लंघनकारीहरुलाई न त देवानी सजाय भोगाउनका लागि वैदेशिक रोजगारी न्यायाधिकरणमा सिफारिस गरे, न त उनीहरुमाथि अपराधिक अनुसन्धान चलाउन प्रहरीलाई उजुरी गरे। यसै प्रतिवेदन अवधिमा मलेसिया लगायत खाडी देशहरुमा जानका लागि वैदेशिक कामदारले बेहोर्नुपर्ने शुल्क कम गराउनका लागि सरकारले ल्याएको “निःशुल्क भिसा, निःशुल्क टिकेट” नीति पालनको अनुगमन गर्न वैदेशिक रोजगारी विभाग असफल रहेको महालेखापरिक्षकको कार्यालयले जनायो। यसैकारण वैदेशिक कामदारहरुबाट रोजगारदाता र म्यानपावरहरुले उन्मुक्तिकासाथ अत्याधिक चर्को शुल्क उठाउन छोडेनन्।

मुलुकको ७० प्रतिशत भन्दा बढी श्रमिकहरु (लगभग सबै बालश्रमिक) अनौपचारिक क्षेत्रमा काम गरिरहेको अवस्था हुँदा पनि निरिक्षकहरुले यस क्षेत्र र बाध्यात्मक श्रम जस्ता यसमा देखिने उल्लंघनको पहिचान गर्नका लागि नियमित निगरानी राखेनन्। सरकारले बालश्रमलाई विशेष ध्यानमा राख्दै आर्थिक लगानी तथा निरिक्षणलाई निरन्तरता दियो। यद्यपि, गैससहरुका अनुसार बाल एवं बाध्यात्मक श्रम प्रयोग गर्नेउपर सार्थक कारबाही चलाउन सरकारको श्रम मन्त्रालयलले अनिच्छा देखाउँदै थोरैमात्र अघोषित (‘छड्के’) निरिक्षणहरु गऱ्यो। श्रम मन्त्रालयले कतिजना बालबालिकालाई शोषणपूर्ण अवस्थाबाट मुक्त गरियो भनेर खुलाएन। साधारणतया मालिकहरुबाट शारीरिक तथा यौन दुर्व्यवहार भोगेका बालबालिकाको हकमा मात्र मन्त्रालयले बढी हस्तक्षेप गर्ने गर्दछ। यता नागरिक समाजले गलैंचा कारखानाहरुमा बाध्यात्मक र बँधुवा श्रम प्रयोग हुने बताउँदै गर्दा उता नत श्रम निरिक्षहरुले त्यस्ता कारखानाहरुलाई आफ्नो निगरानीमा राखे नत प्रहरीले दुर्व्यवहारको आरोप लागेका रोजगारदाताहरुमाथि कुनै अनुसन्धान गरेको जानकारी नै दियो। श्रम

मन्त्रालयले कुनै रोजगारदाता माथि अपराधिक अनुसन्धान गर्न सिफारिस गरेको अथवा उनीहरुलाई कुनै प्रशासनिक जरिमाना तिर्न लगाएको प्रकाशमा आएन। श्रम मन्त्रालयले बाध्यात्मक बालश्रम प्रयोग लगातका श्रम कानून उल्लंघनका मुद्दाहरुमा कारबाही चलाउनु भन्दा मेलमिलाप गर्न प्रोत्साहन गर्ने गरेको गैससहरुले बताए। व्यवसायिक यौनको मागलाई न्यून गर्नका लागि सरकारले पहल गरेन। बाल यौन पर्यटनका बहुचर्चित घटनाका बावजुद पनि सरकारले यसलाई रोक्ने प्रयास गरेन। सरकारले आफ्ना कुटनीतिक सेवाकर्मीहरुलाई मानव तस्करीविरुद्ध कुनै प्रशिक्षण प्रदान गरेन। संसदले संयुक्त राष्ट्र संघको सन् २००० को मानव तस्करी प्रोटोकललाई अनुमोदन गऱ्यो।

## मानव तस्करीको स्वरूप

विगत पाँच वर्षका प्रतिवेदनहरुमा उल्लेख गरिए अनुरूप मानव तस्करहरुले नेपाली र गैर नेपालीलाई नेपालभित्र शोषण गरिरहेका छन् भने तस्करहरुले नेपाल बाहिर पनि नेपालीहरुबाट फाइदा उठाउँदै उनीहरुमाथि शोषण गरिरहेका छन्। तस्करहरुले नेपाली चेलीहरुलाई नेपाल लगायत भारत, मध्यपूर्वी देश र मलेसियामा समेत शोषण गर्ने गरेका छन्। नेपाली चेलीहरु कुनै हदसम्म अन्य एसियाली मुलुक र केन्या लगायत सब-सहाराका अफ्रिकी देशहरुमा पनि शोषणको शिकार हुने गरेका छन्। मानव तस्करहरुले नेपाल-भारत खुला सीमानाको फाइदा उठाउँदै देह व्यापारका लागि नेपाली महिला र बालबालिकालाई "आर्केस्ट्रा डान्सर" को नाममा भारत लैजाने गर्छन् जहाँ सार्वजनिक स्थलहरुमा उनीहरुलाई नाच देखाउन बाध्य गराइन्छ र पुरुषहरुले उनीहरुमाथि यौन शोषण गर्छन्। श्रम तस्करहरुले नेपाली पुरुष, महिला र बालबालिकालाई नेपाल, भारत र मध्यपूर्वी देशहरुमा शोषणको शिकार बनाउँछन्, खास गरेर पुरुषको हकमा निर्माण क्षेत्रमा र महिलाको हकमा घरेलु कामदारको हैसियतमा। सरकारको अनुमान अनुसार करिब १.५ मिलियन (१५ लाख) नेपाली मध्यपूर्वमा काम गर्छन्, जसमध्ये अधिकांश पुरुषहरु साउदी अरब,  कतार र

यूएईको निर्माण क्षेत्रमा कर्रयरत छन्। सरकारको अनुमानमा साउदी अरबमा मात्रै ७०,००० नेपाली कामदारहरु निकै प्रतिकुल अवस्थामा काम गर्दै छन्, जहाँ उनीहरुले आफ्नो राहदानी कम्पनीलाई बुझाउनु पर्ने हुन्छ र कहिलेकाहीँ रोजगारदाताले उनीहरुलाई महिनौं सम्म बिनातलब काम गराउँछन्। नेपाल सरकारले महिलाहरु खाडी मुलुक गएर घरेलु कामदारको रुपमा काम गर्नमा आंशिक  प्रतिबन्ध लगाएकोले इराक, कुवेत, साउदी अरबमा प्रशस्त मात्रामा नेपाली घरेलु कामदारहरु रोजगार इजाजतपत्र बिना नै काम गरिरहेका छन्। मानव तस्करहरुले नेपाली पुरुष, महिला, र बालबालिकालाई चीन, जापान र मलासिया लगायतका पूर्वी एसियाली देशहरुमा मात्र होइन, पोर्चुगल लगायतका यूरोपेली मुलुकमा कृषि, निर्माण, कलकारखाना, खानी, वयस्क मनोरञ्जन उद्योग र माग्नेको रुपमासम्म शोषण गर्ने गर्छन्। मानव तस्करहरुले नेपालीहरुलाई शिकार बनाउँदै पर्यटक, विद्यार्थी, वैवाहिक, र व्यवसायिक भिसामा यूरोप र अस्ट्रेलिया पुऱ्याउँछन्। केही म्यानपावर कम्पनी र दलालहरुले किर्तेपूर्ण ढंगबाट कामदार भर्ती गराएर बाध्यात्मक श्रममा लगाईदिनका लागि उनीहरुबाट चर्को रकम असुल्ने गर्छन्। मानव तस्करहरुले दर्ता नभएका म्यानपावर कम्पनीमा भर पर्ने कामदारलाई मात्र होइन, आफूलाई सरकारसँग दर्ता नगराइकन ठूलो संख्यामा भारत हुँदै विदेशिने नेपाली युवतीहरुलाई पनि तस्करीको शिकार बनाउने गर्छन्। चिनियाँ तथा दक्षिण कोरियाली पुरुषहरुसँग मागी विवाहका निम्ति सहमत हुने केही नेपाली युवतीहरु विहेपछि घरेलु दासत्वका शिकार बन्ने गर्छन। नक्कली नेपाली कागजातहरु बनाएर नेपालको बाटो हुँदै मध्यपूर्वी देशहरु जान हिँडेका केही बंगलादेशी र श्रीलंकाली नागरिकहरु पनि मानव तस्करहरुको फन्दामा पर्ने गर्छन्। केही सरकारी कर्मचारीहरुले घुस खाएर नेपाली परिचयपत्रमा गलत विवरण लेखाइदिन्छन् अथवा सम्भावित वैदेशिक कामदारलाई नक्कली कागजात उपलब्ध गराइदिन्छन्, जसको आधारमा म्यानपावर कम्पनीहरुलाई वैदेशिक कामदार भर्ती सम्बन्धि नियम कानून छल्न सम्भव हुन्छ। कलकत्ता र चेन्नाई विमानस्थलमा उडानपूर्व गरिने चेकजाँच अलि खुकुलो हुने भएकाले यसको फाइदा उठाउँदै वा नयाँ दिल्ली र मुम्बई विमानस्थलमा भारतीय अधिकारीहरुलाई घुस दिएर

तस्करहरुले वैदेशिक रोजगारीतर्फ लागेका नेपालीहरुलाई आवश्यक कागजातबिना नै तेस्रो मुलुकमा उडाउने गर्छन्। यसले गर्दा ती कामदारहरुको मानव तस्करीमा पर्ने खतरा बढ्ने गर्छ। तस्करहरुले नेपाली कामदारहरुलाई श्रीलंका र बर्माको बाटो समेत हुँदै अन्य देशमा लैजाने गर्छन्।

नेपाल भित्र कृषि, इँटाभट्टा, गिट्टी उद्योग, र घरेलु कामको क्षेत्रमा बाध्यात्मक श्रम र ऋणमा आधारित बँधुवा मजदुरको रूपमा बालबालिका र वयस्कहरुलाई प्रयोग गरिन्छ। एक सरकारी अध्ययनले गत पाँच वर्षमा १०,००० बालबालिका लगायत ६१,००० भन्दा बढी नेपालीहरु बाध्यात्मक श्रममा संलग्न रहेको अभिलेख गरेको छ, खासगरी कृषि, वन र निर्माण क्षेत्रहरुमा। गैससहरुले इँटा भट्टाहरुमा बालबालिकाहरुले निकै लामो समयसम्म भारी बोक्ने, इँटा बनाउने लगायतका काम गर्ने गरेको बताए। जरी/बुट्टा भर्ने, गलैंचा उद्योग, र ढुंगा खानीहरुमा तस्करहरुले नेपाली तथा भारतीय बालबालिकाको प्रयोग गर्ने गरेका छन्। सरकारको सन् २०१७-१८ को श्रम सर्वेक्षण अनुसार मानव तस्करहरुले १५ वर्ष मुनिका केटाकेटीहरुलाई कृषि, वन,र निर्माण जस्ता क्षेत्रमा श्रम गर्न बाध्या बनाए। केही नेपाली इँटाभट्टाले भारतीय बालबालिकालाई ठूलो रकम उधारो दिएर उनीहरुलाई आगामी सिजनहरुमा पनि त्याहँ काम गर्न बाध्य बनाउने गर्छन्। तस्करहरुले ऋणको जालमा पारेर कतिपय वयस्क र बालबालिकालाई गलैंचा कारखानामा काम गर्न बाध्य बनाउँछन्। परिवारको ऋण तिर्नकालागी  कहिलेकाहीँ अभिभावकहरुले आफ्ना छोछोरीलाई गलैंचा कारखानामा काम गर्न बाध्य बनाउँछन्। म्यानपावर कम्पनीहरुले बांग्लादेशी कामदारलाई नेपालमा राम्रो तलबमा गलैंचा कारखानामा काममा लगाइदिने भन्दै श्रम भिसाको साटो पर्यटक भिसामा नेपाल ल्याएर बाचा गरेको भन्दा कम ज्यालामा नेपालमा काम गर्न बाध्य बनाउँछन्। तस्करहरुले नेपाल-भारत सीमानाबाट लागू औषध ओसारपसार  गर्नका लागि बालबालिका प्रयोग गर्छन्। उत्तर कोरियाको सरकारले आफ्ना देशका कामदारलाई नेपालमा काम गर्न बध्य बनाएको हुन सक्छ।

तस्करहरुले नेपाली बालबालिकालाई बढ्दोरूपमा यौन व्यवसायमा सडक, डान्स बार, मसाज केन्द्र, र कोठीकै काम गर्ने क्याबिन "रेष्टुराँ" जस्ता वयस्क मनोरञ्जन उद्योगमा काम गर्न बाध्य गराएका छन्। निजी निवास, भाडाका कोठा, गेस्ट हाउस तथा रेष्टुराँहरुमा नेपाली महिलाहरुको देहव्यापार बढ्दो छ। काठमाण्डौं उपत्यकामा केन्द्रित एक अध्ययनले वयस्क मनोरञ्जन उद्योगमा काम गर्नेहरु मध्ये करिब १७% नाबालक रहेको र सो उद्योगमा ६२% वयस्क महिलाहरुले नाबालक उमेरदेखि र केहीले त ७ वर्षको छँदादेखि त्यहाँ काम सुरु गरेको ठहर गरेको छ। थुप्रै महिलाहरुले आफूहरुलाई आफन्त र साथीहरुले त्यस्ता व्यवसायको सम्पर्कमा ल्याएको बताए जहाँ उनीहरुले सुरुमा वेट्रेस्को रुपमा काम गर्न मन्जुर गरे। त्यसपछाडि व्यवसाय धनीले उनीहरुलाई बाध्यात्मक श्रम अथवा यौन धन्दामा संलग्न हुन बाध्य बनाए। अध्ययनका अनुसार वयस्क मोरञ्जन व्यवसायमा काम गर्ने झण्डै ३०% नाबालकहरु प्राय रेष्टूराँ कामदारको हैसियतमा बाध्यामक श्रमको सिकार हुने गर्दछन् भने पछि गएर व्यवसाय धनीहरुले उनीहरु मद्धे कतिलाई देह व्यापारमा समेत संलग्न हुन बाध्य बनाउछन्। मानव तस्करहरुले तेस्रो लिङ्गीहरुलाई पनि देहव्यापारमा संलग्न गराउँछन्। प्रहरीका अनुसार वयस्क मनोरञ्जन व्यवसायीहरुले नेपाली महिला कामदारहरुलाई विदेशमा त्यस्तै किसिमको उद्योगमा काम गर्नका लागि बढ्दो संख्यामा भर्ती गराउन थालेपछि नेपाली महिलाहरु विदेशमा यौन तस्करीको शिकार बन्ने खतरा पनि चुलिँदो अवस्थामा छ। गैससहरुले प्रहरी र राजनीतिक दलका नेताहरुको वयस्क मनोरञ्जन व्यवसायमा आर्थिक लगानी रहेको नाताले यस उद्योगले उनीहरुको समेत समर्थन पाइरहेको बताए। गैससहरुले खासगरि तराइका दलित र मधेशी समुदायमा बालविवाह गर्न बाध्य बनाइएका बालिकाहरु देह व्यापारको शिकार बन्ने जोखिममा रहने बताए।

आफ्ना सन्तानलाई शिक्षाको र रोजगारीको मौका मिलाइदिने झुटो आश्वासनमा विश्वास गरेर केही नेपाली अभिभावकहरुले आफ्ना छोराछोरीहरु दलालको जिम्मामा लगाइदिन्छन्। यी दलालले बालबालिकाहरुलाई दर्ताबिनाका बालगृहहरुमा लगेर आफूहरु अनाथ भएको दाबी गर्न लगाउँछन् र त्यसको आधारमा पर्यटक र स्वयमसेवकहरुबाट चन्दा उठाउने गर्छन्।

सरकारको अनुमान अनुसार नेपाल भरि १५,००० भन्दा बढी बालबालिका दर्तावाला र दर्ताबिनाका अनाथालय र बालगृहमा बस्दै आएका छन्। नेपालमा ७५ प्रतिशत दर्तावाला अनाथालय र बालगृहहरु मुलुकका ७७ मध्ये ५ मुख्य पर्यटकीय  जिल्लाहरुमा अवस्थित छन्। केही अनाथालय र बालगृहहरुले बालबालिकालाई शारीरिक श्रममा र माग्ने भएर काम गर्न मात्र बाध्य बनाउँदैनन्, पाहुनाको अगाडी नाचगान गरेर पैसा उठाउन लगाउनेदेखि यौन दुर्व्यवहार सम्म गर्छन्। सन् २०१६ पछि मात्र नेपाली बालबालिकाहरु माथि यौन दुर्व्यवहार गरेको र बाल यौन तस्करीमा संलग्न रहेको आरोपमा प्रहरीद्वारा कमसेकम १२ जना विदेशी पर्यटक वा अन्तर्राष्ट्रिय स्वयमसेवकहरुको पहिचान र गिरफ्तार गरिएका छन्। यसरी गिरफ्तार भएकामध्ये सबैजना ५० वर्ष नाघेका र मुख्यतया पश्चिमी राष्ट्रका पुरुषहरु परेका थिए (अस्ट्रिया, क्यानडा, डेन्मार्क, फ्रान्स, जर्मनी, भारत, नेदरल्यान्डस्, बेलायत, र संुक्त राज्य अमेरिकाका नागरिकहरु)। गैससहरुको अनुसार नक्कली अनाथालय लगायत यस्ता शोषणमा आधारित बाल संस्थाका केही संचालकहरुले आफ्ना राजनीतिक पहुँच प्रयोग गरेर आफूहरु बाल संरक्षण निकाय र प्रहरीको कारबाहीबाट जोगिने गर्दछन्। तस्करहरुले बंलादेशका शरणार्थी शिविरबाट रोहिंगा युवतीहरुलाई काठमाडौं ल्याएर देहव्यापारमा संलग्न गराउने गर्दछन्। तस्करहरुले कम उमेरका, कम पढेका र परम्परागत रूपमा सीमान्तकृत रहेका जातजाति र समुदायका सदस्यहरुलाई मानव तस्करीको तारो बनाउने गर्दछन् र यसका लागि बढ्दो रूपमा सामाजिक संजाल र मोबाइल प्रविधिको प्रयोग गर्ने गर्दछन्। प्रहरीले कहिलेकाहीँ पीडितका परिवारजन पनि उनीहरुको तस्करीमा संलग्न भएको बताउने गरेका छन्। मुलुकका केही भागमा संगठित अपराधिक संजालहरु पनि मानव तस्करीमा संलग्न हुने गरेका छन्। सन् २०१५ को महाभूकम्पमा घरबार र जीविका गुमाउने धेरै नेपालीहरु, र खासगरी महिला र बालबालिका, मानव तस्करीको शिकार बन्ने जोखिममा रहेका छन्। करिब १२,००० तिब्बतीहरु कुनै पनि परिचयपत्र वा कागजात उपलब्ध नभएको स्थितिमा हुँदा उनीहरुलाई वैध रूपमा रोजगारी गर्न, अध्ययन गर्न, यात्रा गर्न, र सार्वजनिक सेवा सुविधामा पहुँच पाउनमा बाधा पुगेको छ। यूएनएचसीआरले मान्यता

दिएको शरणार्थी र नेपालमा आश्रय खोज्दै आएका नव आगन्तुक विदेशीप्रति नेपाली कानूनले गैरकानुनी आप्रवासी भए सरहको व्यवहार गर्दछ। उनीहरुलाई सरकारद्वारा जारी गरिने परिचयपत्र उपलब्ध गराइँदैन र यस्तो परिचय कागजात विहीन अवस्थामा बस्नुपर्दा उनीहरुलाई मानव तस्करहरुको फन्दामा पर्ने उच्च जोखिम व्यहोर्नु पर्ने हुन्छ।

# # #